भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल
२०७३

बैठक संख्या: २/२०८३/०८४

मिति: २०८३/०४/२५

**समय: बिहान ११:०० बजे**

**स्थान: भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक कक्ष**

भूमे गाउँपालिकाको अध्यक्ष श्री **होम प्रकाश श्रेष्ठ**ज्यूको अध्यक्षता र देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति:**

| क्र.सं. | दस्तखत | नाम थर | पद | कार्यालय |
|---|---|---|---|---|
| १. | | होम प्रकाश श्रेष्ठ | अध्यक्ष | गाउँ कार्यपालिकाको कार्यालय |
| २. | | सविना बुढा | उपाध्यक्ष | गाउँ कार्यपालिकाको कार्यालय |
| ३. | | मनकाजी पुनमगर | वडा अध्यक्ष | १ नं. वडा कार्यालय |
| ४. | | नारायण पुनमगर | वडा अध्यक्ष | २ नं. वडा कार्यालय |
| ५. | | प्रशुराम बुढा | वडा अध्यक्ष | ३ नं. वडा कार्यालय |
| ६. | | श्याम प्रसाद बुढा | वडा अध्यक्ष | ४ नं. वडा कार्यालय |
| ७. | | टेक प्रसाद बुढा | वडा अध्यक्ष | ५ नं. वडा कार्यालय |
| ८. | | विक्रम पुन मगर | वडा अध्यक्ष | ६ नं. वडा कार्यालय |
| ९. | | संगम रोका | वडा अध्यक्ष | ७ नं. वडा कार्यालय |
| १०. | | दिनेश रोका | वडा अध्यक्ष | ८ नं. वडा कार्यालय |
| ११. | | विनोद बुढा | वडा अध्यक्ष | ९ नं. वडा कार्यालय |
| १२. | | सुनकुमारी रोका | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १३. | | भिमला वि.क. | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १४. | | फोमली बुढा | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १५. | | भारती नेपाली | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १६. | | भागिलाल दमाई | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १७. | | जीत बहादुर कामी | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १८. | | खमजङ खत्री | प्रमुख प्रशासकीय अधिकृत/ सचिव | गाउँ कार्यपालिकाको कार्यालय |

**अन्य**

| | | | | |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |

<u>भूमे गाउँपालिका, रुकुम (पूर्व)</u>

<u>बैठक सं. २/०८३-८४ मिति २०८३।०४।२५ को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा किताब</u>

**निर्णय नं. १:**

भूमे गाउँपालिकाको विभिन्न शाखा तथा वडाहरूमा करार सेवामा कार्यरत कर्मचारीहरूको करार सेवा अवधि आर्थिक वर्ष २०८२/०८३ को असार मसान्तमा समाप्त भएको र गाउँपालिकाको नियमित सेवा प्रवाह, प्रशासनिक कार्यसम्पादन तथा विकास निर्माणसम्बन्धी कार्यमा निरन्तरता कायम राख्न आवश्यक भएको साथै निजहरुको कार्यसम्पादन सन्तोषजनक रहेको हुँदा गाउँपालिकाको विभिन्न शाखा तथा वडाहरूमा करार सेवामा कार्यरत सबै प्रकारका करार कर्मचारीहरूको करार सेवा अवधि मिति २०८३ श्रावण १ गतेदेखि २०८३ पौष मसान्तसम्म (६ महिना) का लागि म्याद थप गर्ने निर्णय गरियो।

**निर्णय नं. २:**

भूमे गाउँपालिकाको आर्थिक वर्ष २०८३-८४ को गाउँसभाबाट स्वीकृत नीति तथा कार्यक्रममा गाँउपालिका अन्तर्गतका सम्पुर्ण करार, ज्यालादारीमा कार्यरत कर्मचारी तथा शिक्षकहरुको न्युनतम पारिश्रमिक रु १९,५५० कायम गरि सामाजिक सुरक्षाकोषमा आबद्द गर्ने भन्ने व्यबस्था तथा गाउँपालिकाको आर्थिक वर्ष २०८३-८४ को बजेट वक्तव्यमा गाँउपालिका अन्तर्गतका सम्पुर्ण करार, ज्यालादारीमा कार्यरत कर्मचारी तथा शिक्षकहरुको न्युनतम पारिश्रमिक कायम गर्न र सामाजिक सुरक्षाकोषमा आबद्द गर्न आवश्यक बजेटको व्यवस्था गरिएको विषयलाई कार्यान्वयन गर्न र नेपाल सरकारको मिति २०८२ श्रावन १ देखि लागु हुने गरि चिया बगान बाहेकका श्रमिकको न्यूनतम पारिश्रमिक रु १९,५५० निर्धारण भएको र संघिय र प्रदेश सरकारले पनि तलब भत्ता बृद्दि गरेको सन्दर्भमा यस भूमे गाउँपालिकामा विभिन्न शाखा, वडा तथा स्वास्थ्य संस्थाहरूमा करार सेवामा कार्यरत कर्मचारीहरू तथा सामुदायिक विद्यालयहरुमा करार सेवामा कार्यरत शिक्षक, विद्यालय सहायक, विद्यालय सहयोगी, बाल विकास सहजकर्ता र सामुदायिक सिकाइ केन्द्रमा कार्यरत परिचालिकाहरुको हाल कायम रहेको पारिश्रमिकमा पद जिम्मेवारी, कार्य प्रकृति तथा न्यूनतम पारिश्रमिकबीच समातनता कायम गरि सेवा प्रवाह, कार्यसम्पादन तथा कर्मचारिको मनोबल अभिवृद्दि गर्न बाञ्छनिय भएकोले वार्षिक स्वीकृत बजेट तथा कार्यक्रमको परिधिमा रहि अस्थायी करार, ज्यालादारीमा कार्यरत कर्मचारी(स्वास्थ्यकर्मी समेत), शिक्षकहरुको देहाबमोजिमको मासिक तलब स्केलमा आर्थिक वर्ष २०८३/८४ देखि लागू गर्ने निर्णय गरियोः

**सामुदायिक विद्यालय तथा सामुदायिक अध्ययन केन्द्रमा**

| क्र.सं. | पद | संघीय सरकारबाट प्राप्त | गाउँपालिकाबाट वृदि थप | वृदि भई कायम तलब स्केल | स्रोत |
|---|---|---|---|---|---|
| १ | माध्यमिक | - | रु २८००० | रु २८००० | खर्च शिर्षक २११११ |
| २ | निम्न माध्यमिक | - | रु २५००० | रु २५००० | |
| ३ | प्राथमिक तह | - | रु २३००० | रु २३००० | |
| ५ | विद्यालय सहायक(लेखापाल) | रु.१५००० | रु ७००० | रु २२००० | |
| ६ | विद्यालय सहयोगी (१-८) | रु.१०००० | रु ९५५० | रु १९५५० | |
| ७ | विद्यालय सहयोगी (१-१२) | रु.१०००० | रु १०००० | रु २०००० | |
| ८ | बालविकास सहजकर्ता | ० | रु२०००० | रु २०००० | |



निर्णय प्रमाणित गर्दछु।
दस्तखत:

| | | | | | |
|---|---|---|---|---|---|
| | (गाउँपालिका) | | | | |
| ९ | बालविकास सहजकर्ता (संघीय) | रु १२,००० | ८,००० | रु २०,००० | |
| १० | CLC परिचालिका | रु.१२००० | रु ७५५० | रु १९५५० | |

**पालिकाको शाखा, वडा र मारिङ्ग अनुसन्धान केन्द्रमा कार्यरतः**

| क्र.सं. | पद | साबिक | जम्मा पारिश्रमिक(तलब स्केल) | स्रोत |
|---|---|---|---|---|
| १ | सब-इन्जिनियर | संघिय स्केल | संघिय स्केल | खर्च शिर्षकः २२४१३ |
| २ | असिस्टेण्ट सब-इन्जिनियर | संघिय स्केल | संघिय स्केल | |
| ३ | रोजगार सहायक | रु. ३४,७३० | रु. ~~३७,७३०~~ ३८,२०३/- | |
| ४ | प्राविधिक सहायक | रु. ३४,७३० | रु. ~~३७,७३०~~ ३८,२०३/- | |
| ५ | अमिन | रु. ३२,९०२ | रु ३५,९०० | |
| ६ | हेबि सवारी चालक | रु. २९,७०० | रु ३२,००० | |
| ७ | हलुका सवारी चालक | रु. २७,६०० | रु ३०,००० | |
| ८ | सह चालक | रु. २४,००० | रु २७,००० | |
| ९ | कार्यालय सहयोगी (ओक बहादुर कामि, तेज बहादुर रोका) | रु २४,७०० | रु २७,००० | |
| १० | कार्यालय सहयोगी (शुक्र पुन, मनसरी पुन) | रु २१००० (शुक्र पुन)<br>रु २१८०० (मनसरी पुन) | रु २४,००० | |
| ११ | कार्यालय सहयोगी (वडा कार्यलय लगायत अन्य) | रु १७,२०० | रु १९,५५० | |

**स्वास्थ्य संस्थाहरुमा कार्यरत:**

| क्र.सं. | पद | साबिक तलब स्केल | वृद्दि भई हाल तलब स्केल | स्रोत |
|---|---|---|---|---|
| १ | नेत्र सहायक | रु. ३४,७३० | रु. ३७,००० | खर्च शिर्षक २११११ |
| २ | अप्टिकल फिटर | रु. २४,००० | रु २७,००० | |
| २ | ल्याब असिस्टेन्ट | रु. २५,००० | रु २७,००० | खर्च शिर्षक २११११ |
| ३ | अ.हे.व | रु. २०,००० | रु २३,००० | |
| ४ | अ.न.मी | रु. २०,००० | रु २३,००० | |
| ६ | कार्यालय सहयोगी | रु. १२,००० | रु १९,५५० | |

निर्णय प्रमाणित गर्दछु।
हस्ताक्षरः
मिति :
पद :

<u>भूमे गाउँपालिका, रुकुम (पूर्व)</u>

<u>बैठक सं. २/०८३-८४ मिति २०८३।०४।२५ को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा</u>

<u>किताब</u>

**निर्णय नं. ३:**

भूमे गाउँपालिकाको हाल कार्यान्वयनमा रहेको स्थानीय शिक्षण सिकाइ अनुदान कार्यविधि, २०७९ लाई समयानुकूल परिमार्जन गरी कार्यान्वयनलाई थप प्रभावकारी, व्यवस्थित, पारदर्शी तथा वस्तुनिष्ठ बनाउन आवश्यक भएकोले सोही बमोझिम भूमे गाउँपालिकाको स्थानीय शिक्षण सिकाइ अनुदान कार्यविधि, २०७९ को दफा ८ को शिक्षकको सेवा, शर्त र सुविधा सम्बन्धमा आवश्यक संशोधन गरी स्थानीय शिक्षण सिकाइ अनुदान कार्यविधि, २०७९ (पहिलो संशोधन), २०८३ स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ४:**

भूमे गाउँपालिका शिक्षा समितिको मिति २०८३/०३/३१ गते बसेको बैठकबाट भएका निर्णयहरू यस गाउँ कार्यपालिकाको बैठकमा अनुमोदनका लागि पेश भएका निर्णय नं. १ र २ को क्रमश: संघीय शिक्षण सिकाइ अनुदान, स्थानीय शिक्षण सिकाइ अनुदान कोटा व्यवस्थापन र बालविकास सहजकर्ता दरबन्दी व्यवस्थापन सम्बन्धमा भएका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५:**

भूमे गाउँपालिका वडा नं. ७ मा रहेको श्री जनज्योति आधारभूत विद्यालय धर्मशाला विद्यालय विकास अक्षयकोष सञ्चालन तथा व्यवस्थापन कार्यबिधि २०८३ र रिसालचौर स्थित जनजागरण आधारभूत विद्यालय विकास अक्षयकोष सञ्चालन तथा व्यवस्थापन कार्यबिधि २०८३ सर्वसम्तीमा स्वीकृत गरियो ।

**निर्णय नं. ६:**

माथि उल्लेखित निर्णय नं १ र २ लाई अनुमोदनका लागि आगामी हिउँदे अधिवेशनमा गाउँ सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित गर्दछु ।
हस्ताक्षरः
मिति :
पद :

भूमे गाउँपालिका, रुकुम (पूर्व)

बैठक सं. २/०८३-८४ मिति २०८३/०४/२५ को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा किताब

भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लुम्बिनी प्रदेश, नेपाल २०७३

## निर्णयमा फरक मतको अभिलेख

| प्रस्ताव नं. | | फरक मत राख्ने सदस्यको नाम र पद | फरक मतको बेहोरा | कैफियत |
|---|---|---|---|---|
| — | — | — | मत फरक नपरेको | — |

निर्णय प्रमाणित गर्दछु।

हस्ताक्षर:

मिति :

पद :